प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

इनरूवा, सुनसरी

सुचना न २/२०७८-०७९

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।०४।२४
प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७८।०५।२१

यस बिज्ञ केन्द्रको आ.ब.२०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि **कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि** २०७६ (पहिलो संशोधन २०७७) ले तोके वमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न ईक्छुक आवेदकहरुबाट यो सुचना प्रकाशित भएको मितिले **३०औ दिनसम्म** कार्यालय समय भित्रमा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गराईन्छ ।थप जानकारीको लागि **भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र सुनसरीको फोन न. ०२५- ५६०१६२ र ०२५-५६१९८२** मा सम्पर्क गर्न हुन अथवा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ को वेवसाईट www.molmac.p1.gov.np बाट **कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि** २०७६(पहिलो संशोधन २०७७) डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।एउटै प्रकृतिका कार्यक्रमका लागि भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ वा सो अन्तर्गतका निकायहरुबाट अनुदान प्राप्त गरेका व्यवसायी वा संस्थाले ३ वर्ष सम्म अनुदान प्राप्त गर्ने छैन।प्रस्तावित कार्यक्रममा न्यूनतम २५% रकम सम्बन्धित साझेदारले सहकार्य गर्नुपनेछ।

### कार्यक्रम विवरणः

| सि.न. | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति ईकाइ अधिकतम उपलब्ध हुने अनुदान रकम रु. (लाखमा) | कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि २०७६ सँग सम्बन्धित बुदा नं. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १ | बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम | संख्या | २ | २५ | ८४ | कानुन वमोजिम दर्ता भएका कृषि/ पशुपालनमा आबद्ध सहकारी संघ/ संस्था, बाख्रापालन व्यवसायिक संघ/संस्था, कृषक समूह/समिति |
| २ | कृषि/पशु सहकारी संस्थाहरुको सहकार्यमा व्यवसायिक पशु पालन कार्यक्रम | संख्या | १ | २५ | ८३ | कानुन वमोजिम दर्ता भएका कृषि/पशु सेवा सम्बन्धि सहकारी संघ/संस्थाहरु, कृषक समूह/समिति, गैर नाफामुलक संघ/संस्थाहरु |
| ३ | सहकारी संस्था मार्फत कृत्रिम गर्भाधान प्रवर्द्रन कार्यक्रम | संख्या | १ | ५ | ९४ | कानुन वमोजिम दर्ता भएका सहकारी संस्थाहरु |
| ४ | युवा लक्षित पशु विकास कार्यक्रम (गाई/भैसी/बाख्रा/बंगुर/कुखुर/पशुजन्य उद्योग /पशुपन्छी बजार | संख्या | ८ | २ | ८१ | शिक्षीत वेरोजगार, एकल महिला/दलित/ जनजाति र पिछडिएको वर्ग, सम्बन्धित विषयमा तालिम प्राप्त युवा, वैदेशिक रोजगारबाट फर्किएका युवा |

नि. कार्यालय प्र

फोन नं: ०२५-५६०१६२

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
प्रदेश नं.१
इनरूवा, सुनसरी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रवर्द्धन | | | | | |
| ५ | गौशालाहरुमा प्राङ्गारिक मल उत्पादन तथा प्रशोधन | संख्या | १ | ८ | ८२ | सहकारी संस्था,निजी फर्म, कम्पनी, |
| ६ | मत्स्य नर्सरी निर्माण तथा व्यवस्थापन | संख्या | १ | ५ | ४३ | सुचना प्रकाशन हुन अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी सस्था, व्यवसायिक कृषक समूह/समिति, कम्पनी, फर्म, निजि व्यवसायिक/उद्यमी |
| ७ | नयाँ माछा पोखरी क्षेत्र बिस्तार | हेक्टर | ४ | ५ | ४४ | सुचना प्रकाशन हुन अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी सस्था, व्यवसायिक कृषक समूह/समिति, कम्पनी, फर्म, निजि व्यवसायिक/उद्यमी |
| ८ | पुरानो माछा पोखरी मर्मत सुधार एवं सुदृढिकरण | हेक्टर | ४ | २ | ४४ | सुचना प्रकाशन हुन अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी सस्था, व्यवसायिक कृषक समूह/समिति, कम्पनी, फर्म, निजि व्यवसायिक/उद्यमी |

**प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु:**

| | |
|---|---|
| १ | रु १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र । |
| २ | व्यक्तिगत फर्मको हकमा रु. १०० तथा संस्थागत आबेदनको हकमा रु. २०० राजश्व तिरेको रसिद। |
| ३ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि । |
| ४ | कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना। |
| ५ | कार्यक्रम कार्यान्वियन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि ।(धनी पुर्जा र मालपोत तिरेको रसिद ) |
| ६ | लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्ष अवधिको करारनामा वा सम्झौता पत्र । |
| ७ | प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संस्था /फर्म/ व्यवासाय दर्ता /नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि । |
| ८ | समुह/समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि । |
| ९ | अघिल्लो आ.व.को लेखा परिक्षणको प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । |
| १० | लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र. |
| ११ | विगत ३ वर्षमा प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणापत्र |
| १२ | स्थानिय तहको पशुपन्छी शाखाको सिफारिस पत्र |
| १३ | कार्यविधिमा उल्लेख भए अनुसारका थप कागजातहरु माग भए बमोजिम । |

नोट : अनुदान संग सम्वन्धित तोकिएको ढांचा अनुसारको फार्मेटहरू सम्वन्धित स्थानिय तह तथा यस विज्ञ केन्द्रबाट उपलब्ध गराईनेछ । थप जानकारीको लागी श्री गोपाल अधिकारी, ना.प्रा.स. ९८४२४०२०१९ मा सम्पर्क राख्नु होला ।

.............
(नि.कार्यालय प्रमुख)

नि. कार्यालय प्रमुख